नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हौपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

# नौगाड गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड :**२ **संख्याः** ३७ **मितिः** २०८०।०६।१९

भाग – २

नौगाड गाउँपालिका व्यवसाय दर्ता तथा नविकरण सम्बन्धि (पहिलो संशोधन)कार्यविधि, २०८०

कार्यपालिकाबाट पारित मिति: २०७६।०५।२५
प्रमाणीकरण मिति :२०७६।०६।२५
पहिलो संशोधन मिति: २०८०।०४।२४
स्थानीय राजपत्रमा प्रकाशन मिति :२०८०।०६।१९

प्रस्तावना: नौगाड गाउँपालिका क्षेत्र भित्रका फर्महरुलाई दर्ता तथा नविकरण स्थानिय सरकारलाई दिएको अधिकार प्रयोग गरि नौगाड गाउँपालिका भित्र रहेको निजि र सरकारी क्षेत्रको भूमिकालाई महत्त्व दिदै उपलब्ध साधन श्रोतको अधिकतम परिचालन गरि आर्थिक समृद्धि हासिल गरिएको सम्वृद्धिमा बहुसंख्यक जनाताको पहुँचमा स्थापना गर्ने, उद्योग व्यवसाय प्रबर्द्धन,विस्तारका साथै गुणस्तरीय एंव विश्वसनीय सेवा प्रभाव तथा उत्पादनगर्ने उद्धेश्य राखि नौगाड गाउँपालिका क्षेत्र भित्र संचालित एवं संचालन हुने विभिन्न व्यवसायिक गतिविधीहरुलाई कानुनी दायरामा ल्याउन, व्यवसाय संचालन मार्फत गाउँपालिकाको आन्तरिक आम्दानीलाई समेत टेवा पुर्याउने स्वच्छ मर्यादित र प्रतिस्पर्धात्मक बजारमा प्रर्वद्धन मार्फत उपभोक्ताको हित संरक्षण गर्न र स्थानिय सरकार र आम व्यवसायीहरु बिच सुमधुर सम्बन्ध स्थापित गर्दै साझेदारीमा आधारित विकासलाई अगाडि बढाउन वाञ्छनिय भएकोले नौगाड गाउँपालिका द्धारा यो कार्यविधि गाउँ कार्यपालिकाको बैठक मितिः २०७६।०५।२६ गते पारित गरि पहिलो संशोधन २०८०।०४।२४ गते देखि जारी गरिएको छ ।



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका

परिच्छेद - १

प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम नौगाड गाउँपालिका व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि २०७६ रहनेछ ।

ख) यो कार्यविधिको नाम नौगाड गाउँपालिका व्यवसाय दर्ता तथा नविकरण सम्बन्धि (पहिलो संशोधन)कार्यविधि,२०८० रहनेछ ।

ग) यो कार्यविधी तुरुन्त लागु हुने छ ।

**२) परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमाः

क) **"गाउँपालिका"** भन्नाले नेपाल संबिधान बमोजिम गठन भएको नौगाड गाउँपालिकालाई सम्झनु पर्ने छ ।

ख) **"कार्यालय"** भन्नाले नौगाड गाउँपालिकाको कार्यालय सम्झनु पर्ने छ ।

ग) **"कार्यपालिका"** भन्नाले नौगाड गाउँ कार्यपालिकाका सदस्यहरुलाई सम्झनु पर्ने छ ।

घ) **"गाउँ सभा"** भन्नाले नौगाड गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्ने छ ।

ङ) **"अध्यक्ष"** भन्नाले नौगाड गाउँपालिकाको अध्यक्ष सम्झनु पर्ने छ ।

च) **"उपाध्यक्ष"** भन्नाले यस नौगाड गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्ने छ ।

छ) **"वडा कार्यालय"**भन्नाले नौगाड गाउँपालिका अन्तरगत ६ वटै वडा कार्यालयहरु सम्झनु पर्ने छ ।

ज) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले यस नौगाड गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्ने छ ।

झ) **"शाखा"** भन्नाले यस नौगाड गाउँपालिकामा रहेको व्यवसाय दर्ता तथा नविकरण गर्ने उद्यम विकास तथा वाणिज्य शाखालाई सम्झनु पर्नेछ ।

ञ) **"वडा समिति"** भन्नाले यस नौगाड गाउँपालिकाको ६ वटै वडाहरुका समितिहरुलाई सम्झनु पर्ने छ ।

ट) **"व्यवसायी"** नौगाड गाउँपालिका भित्रका सम्वन्धीत व्यवसाय गर्ने व्याक्ति वा संस्थालाई सम्झनु पर्ने छ ।

ठ) **"कार्यविधी"** भन्नाले व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि पहिलो संशोधन २०८० सम्झनु पर्ने छ ।



प्रमुख प्रशासकीय अधिकृत

**३) क्षेत्रः**_यस नौगाड गाउँपालिका क्षेत्र भित्र सबै व्यवसाय गर्ने व्यवसायीहरुलाई कार्यविधिले समेट्ने छ ।

**४) विषयगत क्षेत्रहरुः** विषयगत क्षेत्र अन्तरगत करका दायरा भित्र देहायका क्षेत्रहरु पर्ने छन् ।

क) दैनिक उपभोग्य सामग्रीहरु थोक तथा खुद्रा पसल ।
ख) होटल व्यवसाय ।
ग) पशुपन्छी  फर्म ।
घ) कृषि फर्म
ङ) औषधी पसल (सम्बन्धित परामर्श सेवाबाट सम्बधन प्राप्त गरेको प्रमाण पत्रका आधारमा ) ।
च) माछा पालन ।
छ) होजियारी स्वीटर बुनाई
ज) सिलाई ।
झ) मौरीपालन ।
ञ) स्टेशनरी पसल
ट) ईटा तथा बल्क उद्योग ।
ठ) हार्डवाईर तथा सप्लायर्स  ।
ड) सामूहिक व्यवसाय ।
ढ) फैन्सी तथा कपडा पसल  ।
ण) हेयर कटिङ ।
त) परामर्श सेवा ।
थ) आई एमई सेवा ।
द) स्थानिय श्रोतमा आधारित अल्लो प्रशोधन, बास निगालो,  साबुन उत्पादन अदि  ।
ध) फर्निचर
न) प्रशोधन तथा संकलन केन्द्र ।
ऩ) श्रृङ्गार तथा ब्युटिपालर्स  ।
प) ग्रिल उद्योग ।
फ) आरन व्यवसाय ।
ब) मिठाई पसल तथा डेरी उद्योग ।
भ) ईलेक्ट्रोनिक ।
म) घ वर्ग ईजाजत (लाईसेन्स) पत्र आदि ,



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हौपरीगाड, दार्चुला
सुदुरपश्चिम प्रदेश, नेपाल

# परिच्छेद -२

## व्यवसाय दर्ता सम्बन्धी व्यवस्था

### ५) व्यवसाय दर्ता प्रकृयाः

क) **व्ययासय दर्ता गर्नु पर्नेः** प्रत्येक व्यवसायिले गाउँकार्यपालिकाको कार्यालयमा आ-आफ्नो व्यवसाय अनिवार्य दर्ता गर्नु पर्ने छ ।

ख) **सुचना प्रकाशन गरिनेः**व्यवसाय दर्ता तथा नविकरणको लागि वडा कार्यालय मार्फत तथा स्थानिय संचारका माध्यमबाट सुचना प्रकाशन गरिने छ ।

ग) तोकिएको समय भित्र व्यवसाय दर्ता गरिनेः संचालनमा रहेका सम्पुर्ण अनिवार्यरुपमा दर्ता गर्नु पर्ने छ । व्यवसाय संचालन गरेको मितिले १ महिना भित्र अनिवार्य व्यवसाय दर्ता गरि सक्नु पर्ने छ ।

### ६) दर्ताका लागि आवश्यक कागजातहरुः

६.१ व्यवसाय दर्ताका लागि व्यवसायीहरुले देहायका कागजातहरु सहित अनुसुची ३ बमोजिमको ढाँचामा गाँउपार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नु पर्ने छ ।

क) हालसालै खिचेको २ प्रति फोटो ।
ख) नागरिताको प्रमाण पत्रको प्रतिलिपी ।
ग) वडा कार्यालयको सिफारिस ।
घ) व्यवसाय संचालन हुने जग्गाको जग्जाधनी प्रमाण पत्र (लालपुर्जा)को प्रतिलिपी ।
ङ) अर्काको नाममा जग्गा भए व्यवसाय संचालन गर्न दिने जग्गाधनीको मुञ्जुरीनामा ।
च) उद्योगको हकमा सिधयारको मञ्चुरीनामा ।

### ७) प्रमाण पत्र सम्बन्धि व्यवस्थाः

क) माथि ६.१ मा उल्लेखित कागजात प्राप्त भईसके पश्चाप तोकिएको दस्तुर लिई कार्यालयले अनुसुचि १ बमोजिमको ढाँचामा दर्ताको प्रमाण पत्र दिईनेछ ।

### ८) नामसारी सम्बन्धि व्यवस्था:

क) माथि ६.१ मा उल्लेखित कागजात प्राप्त भईसके पश्चाप वडा कार्यालको सिफारिस, नौगाड गाउँपालिकाको आर्थिक ऐनमा तोकिएको दस्तुर लिई कार्यालयले अनुसुचि १ बमोजिमको ढाँचामा दर्ताको प्रमाण पत्र दिईनेछ ।



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हौपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**९) नाम परिवर्तन सम्बन्धि व्यवस्था:**

क) माथि ६.१ मा उल्लेखित कागजात प्राप्त भईसके पश्चाप वडा कार्यालको सिफारिस, नौगाड गाउँपालिकाको आर्थिक ऐनमा तोकिएको दस्तुर लिई कार्यालयले अनुसुचि १ बमोजिमको ढाँचामा दर्ताको प्रमाण पत्र दिईनेछ ।

**१०) पूँजी थप सम्बन्धि व्यवस्था:**

क) माथि ६.१ मा उल्लेखित कागजात प्राप्त भईसके पश्चाप वडा कार्यालको सिफारिस नौगाड गाउँपालिकाको आर्थिक ऐनमा तोकिएको दस्तुर लिई कार्यालयले अनुसुचि १ बमोजिमको ढाँचामा दर्ताको प्रमाण पत्र दिईनेछ ।

**११) व्यवसाय नविकरण सम्बन्धी व्यवस्थाः**

प्रत्येक व्यवसायीले आर्थिक बर्षको श्रावण महिनाको मसान्त सम्म आफ्नो व्यवसाय गाउँकार्यपालिकाबाट नविकरण गरि सक्नु पर्ने छ । व्यवसाय नविकरणको प्रमाण पत्र कार्यालयले व्यवस्था गरे बमोजिम हुने छ ।

**१२) व्यवसाय दर्ता र नविकरण शुल्क, पुनरावलोकन सम्बन्धी व्यवस्थाः**

क) व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी शुल्क, दस्तुर नौगाड गाउँपालिका आर्थिक ऐनले निर्धारण गरे बमोजिम हुने छ ।

ख) चालु आ.व. को हकमा अनुसुचि २ मा उल्लेखित भए बमोजिमको व्यवसाय दर्ता शुल्क दस्तुर लिईने छ ।

ग) आ.व. समाप्त भएपछि व्यवसाय दर्ता तथा नविकरण शुल्कमा गाँउकार्यपालिकाले पुनरावलोकन गर्न सकिने छ ।

घ) उपदाफा ३ बमोजिम पुनरावलोकन गरिएको व्यवसाय दर्ता तथा नविकरण शुल्क सम्बन्धी जानकारी स्थानिय संचार माध्यम वा अन्य कुनै माध्यमबाट सार्वजनिक गरिने छ ।



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## परिच्छेद -३

## अनुगमन तथा कारवाहीः

**१३) मुल्य सुची सम्बन्धी व्यवस्थाः**

सम्पुर्ण व्यवसायीहरुले अनिवार्य रुपमा उपभोक्ताहरुले प्रस्ट संग देख्ने गरि मूल्य सूची राख्नु पर्ने छ । मूल्य सूची पाटी राख्नु पर्ने छ ।

**१४) बजार अनुगमन सम्वनधी व्यवस्थाः**

क) यस गाउँपालिका भित्र संचालन भएका व्यापार व्यवसायलाई स्वच्छ, व्यवस्थित बनाउन नियमित अनुगमन गरिने छ । बजार अनुगमन सम्बन्धी अन्य व्यवस्था गर्न गाँउपालिकाले बजार अनुगमन निर्दर्शिका जारी गर्न सक्ने छ ।

**१५) दर्ता खारेजी र व्यवसाय बन्द सम्बन्धी व्यवस्थाः**

देहायका कार्य गरेमा व्यवसायको दर्ता खारेजी वा व्यवसाय बन्द गर्न सक्ने छ ।

क) निषेध गरिएका सामग्रीहरु बेचविखन गरेमा ।
ख) काला बजारी गरेमा ।
ग) गुणस्तरहीन सामग्रीहरु बेचबिखन गरेमा ।
घ) म्याद नाघेका सामग्रीहरु बेचविखन गरेमा ।
ङ) चर्को मुल्यमा सामग्रीहरु बेचविखन गरेमा ।
च) प्रदुषित, फोहर सामग्रीहरु बेचविखन गरेमा ।

**१६) व्यवसाय नामसारी सम्बन्धी व्यवस्थाः**_देहायको अवस्थामा व्यवसायलाई नामसारी गर्न सक्ने छ ।

| **विवरण** | **दस्तुर शुल्क** |
| --- | --- |
| क) आफ्नो व्यवसाय परिवारका सदस्यहरुको नाममा | ५००।- |
| ख) आफ्नो व्यवसाय परिवारका सदस्य वाहेक अरुको नाममा | १०००।– |



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**१७) कारवाही र जरिवाना सम्बन्धी व्यवस्थाः**

(१) बजार अनुगमनको क्रममा देहाएको अवस्था भेटिन गएमा देहाय बमोजिमको तुरुन्त जरिवाना गरिने छ।

| **विवरण** | **जरिवाना** |
|---|---|
| ग) तोकेको समयमा व्यवसाय नविकरण नगरेमा **१०%**प्रतिशत बक्यौदा (हर्जना) लाग्ने छ। | |
| घ) मूल्य सूची नराखेमा | **१०००।-** |
| ङ) प्रमाण पत्र नराखेमा | **१०००।-** |
| च) गुणस्तरहीन सामग्रीहरु बेचविखन गरेमा | **५०००।-** |
| छ) म्याद नाघेका सामग्रीहरु बेचविखन गरेमा | **१००००।-** |
| ज) बजार मूल्य भन्दा चर्को मूल्यमा सामग्रीहरु बेचविखन गरेमा | **१०००० ।-** |

झ) प्रदुषित फोहोर सामग्रीहरु बेचविखन गरेमा रु **१०००** (२) उपदाफा (१) बमोजिम जरिवाना गरिसके पश्चाप पनि कुनै व्यवसायले आफ्नो कमजोरी सुधार नगरेको पाइएमा व्यवसायीलाई सोही कसुर दोब्बर जरिवाना गरिने छ।



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश, नेपाल

## परिच्छेद - ४

**१६) बाधा अड्काउ सम्बन्धी व्यवस्थाः**

क) यो कार्यविधी कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाँउकार्यपालकाले आवश्यकता अनुसार थपघट हेरफेर वा संशोधन गर्न सकिने छ ।

ख) यस कार्यविधफको कार्यान्वयनमा कुनै बाधा अवरोध वा अस्पष्टता भएमा त्यस्तो वाधा अवरोध हटाउन गाउँकार्यपालिकाले आवश्यकता अनुसार व्यवस्था गर्न सक्नेछ ।

**१९) विशेष व्यवस्थाः_** माथि अन्यत्र जुनसुकै व्यवस्था उल्लेख गरिएको भएता पनि प्रदेश कानुन नबनुन्जेल सम्म वा गाउँकार्यपालिकाले बनाएको अर्को ऐन, कानुनले यसै **कार्यविधिमा** भएको व्यवस्था पूर्ण रुपमा सक्रिय रहने छन् ।

नौगाडगाउँपालिका



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

अनुसूची १

दफा ५ सँग सम्बन्धित

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू  मितिः ....................
नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला ।

**विषयः व्यवसाय दर्ता गरी पाउँ बारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा निवेदन यस प्रकार गर्दछु की, नौगाड गाउँपालिका वडा न. ....................मा..............................................................नामको व्यवसाय संचालन गर्न इच्छुक रहेकोले नियमानुसार आवश्यक कागजात संलग्न रहेको हुदा यो व्यवसाय दर्ता गरिदिन हुन श्रीमान समक्ष यो निवेदन पेश गर्दछु ।

आवश्यक कागजातहरुः

१. हालसालै खिचेको २ प्रति फोटो ।
२. रु १० को टिकट ।
३. नागरिता प्रमाण पत्रको प्रतिलिपी ।
४. वडा कार्यालयको सिफारिस ।
५. व्यवसाय संचालन हुने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी ।
६. अर्काको नाममा भएको जग्गामा व्यवसाय संचालन गर्न दिएमा जग्गाधनीको मञ्जुरीनामा वा सम्झौता ।
७. उद्योगको हकमा सधियारको मञ्जुरीनामा ।
८. चारकिला प्रमाणित वडा कार्यालयबाट ।
९. रेकर्ड फाईल ।

**निवेदकः**
नामः
ठेगाना



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

अनुसूची २

दफा ८ सँग सम्बन्धित

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू                                                  मितिः .....................
नौगाड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल ।

**विषयः व्यवसाय नविकरण गरि पाउँ बारे ।**

महोदय,

उपरोक्त विषय सम्बन्धमा निवेदन यस प्रकार गर्दछुकी, नौगाड गाउँपालिका वडा न. ..................................मा ........................................................................नामको व्यवसाय नियमानुसार आवश्यक कागजात संलग्न रहेको हुदा यो व्यवसाय नविकरण गरिदिन हुन श्रीमान समक्ष यो निवेदन पेश गर्दछु ।

आवश्यक कागजातहरुः

१. व्यवसाय दर्ता गरेको सक्ल प्रमाण पत्र ।

**निवेदकः**
प्रोपाईटरः
ठेगानाः

नौगाडगाउँपालिका



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदुरपश्चिम प्रदेश, नेपाल

अनुसूची ३

दफा ७ सँग सम्बन्धित

नौगाड गाउँपालिका

**गाउँकार्यपालिकाको कार्यालय**

होपरीगाड, दार्चुला

सुदुरपश्चिम प्रदेश नेपाल

मिति:..................

पत्र संख्या: ..........

दर्ता नं :............

**विषय : प्राईभेट फर्म दर्ता प्रमाण पत्र ।**

**व्यवसाय/फर्मको नाम .............**

**प्रोप्राइटरको नाम :.................**

**घरधनीको नाम : ..............**

**व्यवसाय रहेको स्थान : ................**

**व्यवसाय रहेको बाटोको नाम:.............**

**व्यवसाय रहेको घर नं :.........**

**कूल पूँजी: .................**

**व्यवसायको इमेल:**

**फोन नं:................**

**प्यान नं:**

**दर्ता रहेको अन्य निकाय:**

**निकाय:**

**दर्ता नं:**

**मिति:**

| क्र सं | व्यवसायको प्रकार | व्यवसायको प्रकृति | वडा नं | दर्ता नं | | टोलको नाम | बाटोको नाम | घर नं |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |

नोट : यो प्रमाणपत्र नौगाड गाउँपालिका प्राइभेट फर्म रजिष्ट्रेशन ऐन नियमावली २०७९ को दफा ६ बमोजिम प्रदान गरिएको छ ।

..............                                                ...............

**व्यवसायीको दस्तखत**

**नाम: ..................**

**प्रमुख प्रशासकीय अधिकृत**



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका

पत्र संख्या:

दर्ता नं: मिति:

| नविकरण मिति | असुली आ.व. | रसिद नं | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | …… असार मसान्त सम्म नविकरण गरिएको छ। |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

नोट: यो प्रमाण पत्र जारी भएको मितिले एक वर्ष सम्मका लागि वहाल रहने हुँदा प्रत्येक वर्ष श्रावण मसान्तभित्र नियमानुसार नविकरण नगराएमा जरिवाना तथा थप दस्तूर लाग्नेछ।

{☎:9868896269, ✆9858784584✉: info@naugadmun.gov.np, ✉:naugaad@gmail.com}
{Website: naugadmun.gov.np}



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश, नेपाल

## खण्ड ( ख)

व्यवसायको दर्ता नं. करदाताले नामाङ्करण गर्दा फर्मको पहिलो अक्षरको आधारमा निम्नानुसार कोड रहने छन् ।

| अक्षर | कोड नं. | अक्षर | कोड नं. | कैफियत |
|---|---|---|---|---|
| अ | ०१ | त | २० | **उदाहरण:** पहिलो अङ्क वडा नं.,दोस्रो अङ्क कोड नं. र तेस्रोमा फर्मको क्रमसंख्या अनुसार फर्मको दर्ता गर्न सकिनेछ । |
| ई | ०२ | थ | २१ | |
| उ | ०३ | द | २२ | |
| ए | ०४ | ध | २३ | |
| क | ०५ | न | २४ | |
| ख | ०६ | प | २५ | |
| ग | ०७ | फ | २६ | |
| घ | ०८ | ब | २७ | |
| ङ | ०९ | भ | २८ | |
| च | १० | म | २९ | |
| छ | ११ | य | ३० | |
| ज | १२ | र | ३१ | |
| झ | १३ | ल | ३२ | |
| ञ | १४ | ०व | ३३ | |
| ट | १५ | श,ष, स,श्री | ३४ | |
| ठ | १६ | ह | ३५ | |
| ड | १७ | क्ष | ३६ | |
| ढ | १८ | त्र | ३७ | |
| ण | १९ | ज्ञ | ३८ | |

**आज्ञाले,**
पुष्कर सिह धामी
प्रमुख प्रशासकीय अधिकृत



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका